अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मितिः २०८२।०२।३० गते।

प्रेस विज्ञप्ति

विषयः प्रतिवादी नन्द किशोर गुप्तासमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट ईशनाथ नगरपालिका रौतहटका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत **नन्द किशोर गुप्ता, इन्जिनियर सत्यपाल सौरभ, प्रधानाध्यापक मुहमद समिम अख्तर** उपर आधारभूत विद्यालय, लक्ष्मीनिया, रौतहटको बिद्यालय भवन निर्माणमा फिल्डमा भएको कार्य भन्दा बढी मुल्याङकन गरी नभए नगरेको कार्यसमेत भए गरेको भनी बढी मुल्याङकन गरी गराई झुट्टा बिल बनाई रु.३,०३,७९७।६३ बढी भुक्तानी गरेको पुष्टि हुन आएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ङ) बमोजिमको कसुरमा बिगो रु.३,०३,७९७।६३ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना गरी बिगो असुल उपर हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८१।०३।०२ को फैसलाबाट सफाई दिएकोले उपरोक्त फैसलाउपर मिति २०८२।०२।३० गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल